# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ६ संख्या २ मिति २०७९/१०/१५**

पालुङटार नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग १

### पालुङटार नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ (पहिलो संशोधन)

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| प्रस्तावनामा किनारा शब्द रहेका | ऐनमा निरुपण भन्ने शब्द रहेको | ऐनमा निरुपण भन्ने शब्द रहेको |
| प्रस्तावनामा... कायम गरी भन्ने शब्दहरु पछि थप गर्ने | शीघ्र एवं छिटोछरितो न्याय प्रदान गर्दै | सो शब्दहरु उल्लेख नभएको |
| प्रस्तावनामा .... बाहेक भन्ने शब्द | हटाउने | आवश्यक नभएको |
| परिभाषा खण्डमा | “संयोजक” भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्नेछ । | हालको ऐनमा सो व्यवस्था नभएकोले थप गर्नु पर्ने |

| | | |
|---|---|---|
| परिभाषा खण्डमा | “सदस्य” भन्नाले नगरपालिकाको न्यायिक समितिको सदस्य सम्झनु पर्दछ। | हालको ऐनमा सो व्यवस्था नभएकोले थप गर्नु पर्ने |
| परिभाषा खण्डमा | “मेलमिलाप केन्द्र” भन्नाले नगरपालिकामा रहेको मेलमिलाप केन्द्र र वडा मेलमिलाप केन्द्र समेतलाई सम्झनु पर्दछ। | हालको ऐनमा सो व्यवस्था नभएकोले थप गर्नु पर्ने |
| परिभाषा खण्डमा | “मेलमिलापकर्ता” भन्नाले नगरपालिकामा सूचिकृत मेलमिलापकर्ता सम्झनु पर्दछ | हालको ऐनमा सो व्यवस्था नभएकाले थप गर्नु पर्ने |
| परिभाषा खण्डमा | “निरुपण” भन्नाले न्यायिक समितिले गरेको निर्णय समेतलाई सम्झनु पर्छ। | हालको ऐनमा सो व्यवस्था नभएकोले थप गर्नु पर्ने |
| परिभाषा खण्डमा | उजुरी प्रशासक भन्नाले न्यायिक समितिमा दर्ता हुने उजुरी जाँचबुझ तथा दर्ता र दफा ३४ बमोजिम कार्य गर्ने अधिकारीलाई सम्झनु पर्छ। | सो व्यवस्था नभएकोले थप गर्नु पर्ने |
| परिच्छेद २<br>३ उजुरीमा निर्णय सम्बन्धी काम<br>४ निर्णय सम्बन्धी बाहेक अन्य काम<br>५ यस ऐन बमोजिम कार्यविधि अवलम्बन गर्नुपर्ने<br>६ समितिले हेर्ने<br>७ समितिको क्षेत्राधिकार | परिच्छेद २<br>३ समितिले हेर्ने<br>४ समितिको क्षेत्राधिकार<br>५ उजुरीमा निर्णय सम्बन्धी काम<br>६ निर्णय सम्बन्धी बाहेक अन्य काम<br>७ यस ऐन बमोजिम कार्यविधि अवलम्बन गर्नुपर्ने | सिलसिला नमिलेकोले सिलसिला मिलाउनु पर्ने |
| परिच्छेद ३ | परिच्छेद ३ | न्यायिक समित सचिवालय भन्ने |

| | | |
|---|---|---|
| दफा ८ विवाद दर्ता गर्नेः- (१) कसै उपर विवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानुन बमोमिजम हकदैया पुगेको व्यक्तिले समितिको तोकिएको शाखा समक्ष उजुरी दर्ता गर्न सक्नेछ । | दफा ८ विवाद दर्ता गर्नेः- (१) कसै उपर विवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानुन बमोमिजम हकदैया पुगेको व्यक्तिले न्यायिक समिति सचिवालय समक्ष उजुरी दर्ता गर्न सक्नेछ । | शव्द थप गरी सुधार गर्नुपर्ने भएकाले |
| दफा १४ उपदफा (१) प्रचलित कानुनमा विवाद दर्ता दस्तुर तोकिएकोमा सोहि बमोजिम तथा दस्तुर नतोकिएकोमा दश रुपैयाँ बुझाउनुपर्नेछ । उपदफा (२) प्रचलित कानुनमा प्रतिवाद दर्ता दस्तुर नलाग्ने भनेकोमा बाहेक दश रुपैयाँ प्रतिवाद दर्ता दस्तुर लाग्नेछ । | दफा १४ उपदफा १ प्रचलित कानुनमा विवाद दर्ता दस्तुर तोकिएकोमा सोहि बमोजिम तथा दस्तुर नतोकिएकोमा पचास रुपैयाँ बुझाउनुपर्नेछ । उपदफा (२) प्रचलित कानुनमा प्रतिवाद दर्ता दस्तुर नलाग्ने भनेकोमा बाहेक पचास रुपैयाँ प्रतिवाद दर्ता दस्तुर लाग्नेछ । | समय अनकूल दर्ता दस्तुर कम भएकोले |
| दफा १७ को “लिखतमा” | दफा १७ को “लिखतमा” भन्ने शब्दको सट्टा “उजुरीमा” शब्द राख्ने | ऐनमा भएको भाषालाई समायोजन गर्नुपर्ने भएकोले |
| दफा ३५ को “प्रमाण सुनाउन सक्ने” | दफा ३५ को “प्रमाण सुनाउन” भन्ने शब्दको सट्टा “प्रमाण सुनाई बयान गराउने” शब्द राख्न | किटानी व्यवस्था गनुपर्ने भएकोले |
| परिच्छेद ६ पछि रहेको “निर्णय र अन्य आदेश” | परिच्छेद ६ पछि रहेको “निर्णय र अन्य आदेश” भन्ने शब्दको | ऐनमा भएको भाषालाई समायोजन गर्नुपर्ने |

| | | |
|---|---|---|
| | सट्टा “निर्णय, निरुपण र अन्य आदेश” शब्द राख्न | भएकोले |
| दफा ५९ (क) कम्तीमा स्नातक उत्तिर्ण गरेको | दफा ५९(क) कम्तीमा एस.एल.सी वा एस.इ.इ उत्तिर्ण गरेको | समयानुकुल आवश्यक भएकोले |
| दफा ७१ (क), (ख), (ग)<br>खण्ड राख्नुपर्ने | (ख) न्यायिक समितिले विवादको निरुपण गर्दा<br>मेलमिलापकर्तालाई सो कार्य<br>सम्पन्न गरे वापत प्रोत्साहन<br>स्वरुप प्रति मेलमिलाप वापत<br>बढीमा रु एक हजार सम्म<br>प्रोत्साहन स्वरुप प्रदान गर्न<br>सक्नेछ ।<br>(ग) मेलमिलापकर्तालाई बढीमा<br>तीन बसाई (presetting)<br>सम्मका लागि रु तीन सयका<br>दरले प्रोत्साहन रकम दिइनेछ ।<br>त्यस्तै वडा मेलमिलाप केन्द्र<br>मार्फत मेलमिलाप भएका<br>विवादमा समेत यसै<br>बमोजिमको प्रोत्साहन रकम<br>उपलब्ध गराउन सक्नेछ । | साविकमा नभएकोले<br>राख्नुपर्ने भएको हुँदा<br>मेलमिलापकर्तालाई<br>प्रोत्साहन गर्नुपर्ने<br>भएकोले |
| दफा ९३ नियम बनाउने | दफा ९३ मा रहेको “नियम” | कार्यविधि थप गर्नुपर्ने |

| | | |
|---|---|---|
| अधिकार | भन्ने शब्दको पछि कार्यविधि<br><br>भन्ने शब्द थप गर्ने | भएकोले |

आज्ञाले,

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत